*संयुक्त प्रेस विज्ञप्ति*

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**आईतबार, १७ असोज २०६७**

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमनका लागि कर्णालीका नागरिक समाजले सञ्जाल गठन गर्ने**

जुम्ला - राष्ट्रिय मानवअधिकार आयोग जुम्ला उपक्षेत्रिय कार्यालय तथा संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको नेपालगञ्ज कार्यालय (ओएचसिएचआर) द्वारा आयोजित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमन सम्बन्धी कार्यशालामा सहभागी कर्णाली तथा मध्य पश्चिमाञ्चल क्षेत्रका २२ जना नागरिक समाज संस्थाका सदस्यहरुले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमनका निम्ति क्षेत्रिय स्तरमा सञ्जाल गठन गर्ने प्रतिबद्धता जाहिर गरेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग जुम्ला उपक्षेत्रिय कार्यालय तथा संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायुक्तको नेपालगञ्ज फिल्ड कार्यालयले “सूचाङ्कको प्रयोग द्वारा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमन” सम्बन्धी ३ दिने कार्यशाला जुम्लामा १५ देखि १७ असोज सम्ममा सम्पन्न गरेको छ । यसले मुगु, कालिकोट तथा जुम्लाबाट आएका मानवअधिकारक्षकहरु तथा सरकारी अधिकारीहरु लगायतका सहभागिहरुलाई सूचाङ्कको प्रयोग द्वारा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उपभोगको अनुगमनका लागि मार्गदर्शन गर्ने लक्ष्य राखेको छ ।

“जनताको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको पूर्ण उपभोगको सुनिश्चितताका निम्ति सरकार, अन्तर्राष्ट्रिय संस्थाहरु तथा गैर-सरकारी संस्थाहरु लगायत प्रत्येक क्षेत्रबाट संयुक्त प्रयासहरुको आवश्यक्ता हुन्छ । यस सम्बन्धमा अगाडी बढ्नका निम्ति यो कार्यशाला एक सकारात्मक कदम हुन्छ भन्ने हामीले विश्वास राखेका छौं,” जुम्ला स्थित राष्ट्रिय मानवअधिकार आयोग उपक्षेत्रिय कार्यालयका निमित्त निर्देशक वीर बहादुर बुढा-मगरले भन्नुभयो ।

“कणार्लीमा बसोबास गर्ने बहुसंख्यक समुदायहरु खाद्य, स्वास्थ्य तथा शिक्षामा पहुँच लगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको उपभोगमा दैनिक चुनौतीहरु अनुभव गर्दै आएका छन् । उनीहरु उपर हुने विभेद तथा असमानताको अन्त्यका लागि प्रभावकारी उपायहरुको व्यवस्था गर्न अति आवश्यक छ, ” ओएचसिएचआर नेपालगञ्ज फिल्ड कार्यालयकी प्रमुख कातिया चिरिज्जीले भन्नुभयो ।

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937